स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
लुम्बिनी प्रदेश
मुकामः बुटवल, नेपाल

# कोभिड-१९ सञ्चार माध्यम निगरानी (Media monitoring)
## स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
## लुम्बिनी प्रदेश

**मितिः श्रावण १९, २०७८ (अगस्ट ३, २०२१)**
**बुटवल, रुपन्देही**

### कोभिड -१९ सम्बन्धी प्रमुख जानकारी

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य निर्देशनालय, लुम्बिनी प्रदेशको श्रावण १८ गतेको तथ्याङ्कका आधारमा यस प्रदेशमा कुल १०३८१८ जनामा कोभिड-१९ संक्रमण पुष्टि भएको छ। गत हप्ताको तुलनामा यो हप्ता सक्रिय संक्रमित लगभग १० प्रतिशतले बढेको छ (कुल सक्रिय संक्रमित- ११०७)। त्यस्तै, यो हप्ता रुपन्देही (४२९) बाहेकका सबै जिल्लामा २०० भन्दा कम सक्रिय संक्रमित रहेका छन्। अघिल्लो हप्ता जस्तै, गत २४ घण्टामा सबै भन्दा धेरै रुपन्देहीमा, ४१ जना नयाँ संक्रमित थपिएका छन्। हालसम्म प्रदेशमा २१०४ जनाको मृत्यु भएको छ र पछिल्लो २४ घण्टामा १ जना संक्रमितको मृत्यु भएको छ। हाल २२३ जना संक्रमितहरु प्रदेशका विभिन्न अस्पतालहरुमा उपचाररत छन्।

- ❖ २०७८ जेष्ठ मध्य देखि असार मसान्तसम्म देशका विभिन्न भागबाट विभिन्न उमेर समुहका व्यक्तिहरुबाट संकलित नामुनाहरुको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा छनौट गरि ४७ वटा नमुना विश्व स्वास्थ्य संगठनको सहयोग र समन्वयनमा भारतको नयाँ दिल्ली स्थित द इन्स्टिच्युट अफ जिनोमिक्स एण्ड इन्टिग्रेटिभ बायलोजी (आईजीआईबी) मा सिक्वेन्सिङका लागि पठाइएको र परीक्षण गर्दा सबैमा डेल्टा भेरियन्ट पुष्टि भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ। डेल्टा भेरियन्ट पुष्टि भएकामध्ये ३ वटामा थप उत्परिवर्तन भेटिएको मन्त्रालयले बताएको छ। (स्रोतः अन्नपूर्ण पोस्ट, श्रावण १४, २०७८)
- ❖ संक्रमणदर बढेसंगै सरकारले १७ जिल्लालाई अति उच्च जोखिम क्षेत्रमा राखेको छ। जसमा लुम्बिनी प्रदेशका पाँच ओटा जिल्लाहरु कपिलवस्तु, अर्घाखाँची, पाल्पा, गुल्मी र प्युठान छन्। यस्तै २२ जिल्ला उच्च जोखिम क्षेत्रमा परेका छन्, जसमा लुम्बिनी प्रदेशका नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रुपन्देही, दाङ, रोल्पा, बाँके र बर्दिया परेका छन्। (स्रोतः अन्नपूर्ण पोस्ट, श्रावण १४, २०७८)

http://annapurnapost.com/news/१८३६२६


फेरि फैलिँदै कोरोना : १७ जिल्ला अति उच्च जोखिममा



अन्नपूर्ण
स्वास्थ्य
१४ साउन २०७८ ०६:०५:००

तेस्रो लहरको जोखिम

दिनेश गौतम। काठमाडौं, प्रेमनारायण आचार्य। अर्घाखाँची, केशरराज क्षेत्री। प्यूठान, गंगा खड्का। गुल्मी, कृष्ण पोखरेल। पाल्पा, मनिका झा। जनकपुरधाम, शिवराज भट्ट। धनगढी, धनबहादुर

- नेपाल सरकारले १२ देखि १८ वर्ष उमेर समूहका करिब ५० लाख जनसंख्यालाई लक्षित गर्दै ६० लाख खोप खरिद गर्न लागेको स्वास्थ्य तथा जनासङ्ख्या मन्त्रालयले जनाएको छ। अमेरिकाको फाइजर एन्ड बायोटेक कम्पनीले उत्पादन गरेको खोप खरिद गर्न सम्झौता भएको र किशोरकिशोरीका लागि आवश्यक पर्ने १ करोड डोज खोपमध्ये थप ४० लाख भने कोभ्याक्सको समन्वयमा ल्याउने तयारी भएको मन्त्रालयले बताएको छ। (स्रोतः कान्तिपुर दैनिक, श्रावण १२, २०७८)
- प्रतिनिधिसभाअन्तर्गत महिला तथा सामाजिक समितिको श्रावण १४ गते बसेको बैठकले बालबालिकालाई प्रयोग गर्न मिल्ने खोपको व्यवस्था गर्न र बालबालिकामैत्री क्वारेन्टिन निर्माण गर्न सरकारलाई निर्देशन दिएको छ। समितले कोभिड-१९ को तेस्रो लहरको जोखिम रहेकाले त्यसबाट आमनागरिक र विशेष गरी बालबालिकालाई सुरक्षित बनाउन आवश्यक व्यवस्थापन गर्न निर्देशन दिएको हो। साथै कोभिड-१९ भएका बालबालिकाको उपचारको व्यवस्था र कोभिड-१९ का कारण अभिभावक गुमाएका बालबालिकालाई संरक्षण गर्नुपर्ने जनाएको छ। (स्रोतः नागरिक दैनिक, श्रावण १४, २०७८)




- स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको श्रावण १३ गते सम्मको तथ्याङ्कका आधारमा नेपालमा हालसम्म ५४ हजार ४६० जना बालबालिकामा कोभिड-१९ संक्रमण देखिएको छ। पहिलो लहरमा २१ हजार ५२३ जना बालबालिका संक्रमित भएका थिए भने दोस्रो लहरमा ३२ हजार ९३७ बालबालिका संक्रमित भएका छन्। कोभिड-१९ संक्रमणबाट पहिलो लहरमा ३८ र दोस्रो लहरमा ४३ जना गरी कुल ८१ जना बालबालिकाको मृत्यु भएको उनले बताए। (स्रोतः अनलाइन खबर, श्रावण १४, २०७८)

## प्रादेशिक खबरहरु

- निषेधाज्ञा खुकुलो भएसँगै जनस्वास्थ्यका मापदण्ड पालनामा नगरी हेलचेत्र्याइँ गरेका कारण गएको सातायता लुम्बिनी प्रदेशमा दैनिक कोभिड-१९ संक्रमितको सङ्ख्या बढ्न थालेको स्वास्थ्यसँग सम्बन्धि सरोकारवालाको भनाइ रहेको छ । प्रशासनले निषेधाज्ञा खुकुलो तुल्याउँदै व्यापार र यातायातका साधन सञ्चालन अनुमति दिए संगै जोखिम क्षेत्र भनेर रोक लगाइएका क्षेत्रहरु पनि स्वस्फूर्त खुलेका छन्। यिनै करणले गर्दा यसअघि संक्रमणको केन्द्र रहेका रूपन्देही, बाँके, बर्दिया र दाङमा पुनः संक्रमितहरुको सङ्ख्या बढेको प्रदेश स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको तथ्याङ्कले जनाएको छ। (स्रोतः कान्तिपुर दैनिक, श्रावण १२)
  https://ekantipur.com/pradesh-५/२०२१/०७/२७/१६२७३५६२०५५२३१३८१६.html
- अर्घाखाँची अस्पतालका स्वास्थ्यकर्मीमाथि पूर्व राष्ट्रिय सभा सदस्य चन्द्रबहादुर खड्काले अभद्र व्यवहार गरेको भन्दै अस्पतालले श्रावण १३ एक विज्ञप्ति निकालेर कानुनी कारबाहीको माग गरेको छ। खड्काले अस्पताल प्रमुख डा. कपिल गौतमलाई एम्बुलेन्सभित्र थुन्नुका साथै डा. पूजा पन्थलाई दुर्व्यवहार गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ। कोरोना संक्रमणबाट सिकिस्त खड्काकी आमाको थप उपचारका लागि काठमाडौं रिफर गर्ने क्रममा

खड्काले दुर्व्यवहार गरेको जनाएको छ। कोभिड—१९ को महामारीमा खटिने स्वास्थ्यकर्मीलाई अस्पतालमै धम्की दिएको घटनाले आफूहरू असुरक्षित भएको अस्पतालका स्वास्थ्यकर्मीले बताएका छन् । (स्रोतः कान्तिपुर दैनिक, श्रावण १५, २०७८)

- स्वास्थ्य कार्यलय, बाँकेका कोभिड फोकल पर्सन नरेश श्रेष्ठ, कोभिड—१९ महामारीमा जोखिम मोलेर जिम्मेवारी निर्वाह गरे वापत 'कोभिड हिरो÷ घोषित भएका छन्। अकाउन्टिबिलिटी ल्याब नेपालले 'कोभिड हिरो÷ घोषणासहित कदर पत्रसहित श्रेष्ठलाई सम्मान गरेको हो। (स्रोतः नागरिक दैनिक, श्रावण १५, २०७८)
- रुपन्देही जिल्लामा गएको २ साता देखि धेरैलाई कोभिड-१९ सँग मिल्दोजुल्दो रुघा, खोकी, ज्वरो जस्ता लक्षणहरु देखिएको लुम्बिनी प्रादेशिक अस्पतालले जनाएको छ। अस्पतालमा केही दिन यता यस्तै लक्षण भएका विरामीहरुको संख्या निकै बढेको छ। कोभिड-१९ को संक्रमण नभई वर्षा याममा हुने भाइरल संक्रमणको लक्षण देखिँदा पनि सचेत हुन र पिसिआर परिक्षण गराउन अस्पतालका चिकित्सकहरुको सुझाव छ।
- अर्घाखाँची जिल्लामा कोरोना संक्रमण बढेसँगै जिल्ला प्रशासनले श्रावण १७ गते देखि साउन ३० गते रातिसम्म घरभित्रै सुरक्षित भएर बस्न जिल्लाबासीलाई आग्रह गर्दै कडा निषेधाज्ञा जारी गरेको छ। हाल एन्टिजेन परीक्षण गरिएका मध्य आधाको रिपोर्ट पोजिटिभ आउने गरेको र बेलैमा नियन्त्रण नगरिए भयावह स्थिति हुन सक्ने जिल्ला अस्पताल प्रमुख डा. कपिल गौतमले जनाएका छन्। (स्रोतः कान्तिपुर दैनिक, श्रावण १७, २०७८)

## अन्तर्राष्ट्रिय विषयबस्तुहरु

- भुटानले आफ्ना सबै योग्य जनसङ्ख्यालाई कोभिड-१९ विरुद्ध खोप लगाइसक्न लागेको बताएको छ। भुटानको स्वास्थ्य मन्त्रालयका अनुसार १ हप्ताभित्र ९० प्रतिशतभन्दा बढी जनसङ्ख्याले पूर्ण रूपमा खोप लगाइसकेका छन्। भौगोलिक रुपमा विकटता भएता पनि उचित योजना र कुशल व्यवस्थापनका कारण छोटो समयमानै पहिलो र दोस्रो मात्रा खोप लगाउन सफल भएको भुटानका खोप कार्यदलका सदस्य सोनम वाङ्चुकले बताएका छन्। (स्रोतः बीबीसी न्यूज, जुलाई ३०, २०२१) https://www.bbc.com/nepali/news-५८०२१६६९
- अमेरिकाको सिडिसीको अन्तरिक प्रतिवेदनमा कोभिड-१९ को डेल्टा भेरिएन्ट चिकेनपक्स (ठेउला) जत्तिकै संक्रामक रहेको उल्लेख गरिएको छ। प्रतिवेदनमा डेल्टा भेरिएन्टले चिकेनपक्सले जस्तै गम्भीर अवस्था समेत सिर्जना गर्न सक्ने बताएको छ। (स्रोतः अलजजिरा, जुलाई ३०, २०२१)
  https://www.aljazeera.com/news/२०२१/७/३०/us-agency-coronavirus-delta-variant-as-contagious-as-chicken-pox

## कोभिड-१९ खोप सम्बन्धि जानकारी

- नेपाल सरकारले आउँदो असोज मसान्तभित्र थप एक करोड पाँच लाख खोप ल्याउने जानकारी दिएको छ। वैदेशिक अनुदानमार्फत चीन सरकारबाट साउन मसान्तभित्रमा भेरोसेल खोपको १६ लाख मात्रा, कोभ्याक्स कार्यक्रममार्फत जापानबाट एष्ट्राजेनिका खोपको १६ लाख मात्रा आउँदो भदौ पहिलो साता र कोभ्याक्समार्फत तीन लाख ३८ हजार मात्रा थप खोप नेपाल आउने जनाएको छ। (स्रोतः नागरिक दैनिक, श्रावण ११, २०७८)
  https://nagariknews.nagariknetwork.com/health/५८४७११-१६२७३०७४५८.html

❖ भुटानले आफ्ना लक्षित समूहलाई कोभिड-१९ विरुद्धको खोप लगाइसकेपछि नेपाललाई अस्ट्राजेनेकाको ३ लाख डोज खोप सहयोग गर्ने सरकारी निकायले जनाएको छ। त्यसका लागि सरकारीस्तरमा परराष्ट्र मन्त्रालयमार्फत कूटनीतिक पहल भइरहेको जानकारी गराएको छ। भुटानले उपलब्ध गराउने खोप काठमाडौंमा रहेका ज्येष्ठ नागरिकलाई दोस्रो डोज दिने गरी पुग्ने अनुमान गरिएको छ। (स्रोतः कान्तिपुर दैनिक, श्रावण १७, २०७८)

**Recommendations:**

❖ पछिल्लो हप्ता खोप केन्द्रहरुमा निकै नै भिडभाड हुने गरेको र खोप लगाउन गएकाहरुमा केहि दिन पछि कोभिड-१९ को संक्रमण देखिएकाले निम्न बुंदाहरुमा ध्यान दिनु पर्ने
  - नेपाल सरकारले खोपको उपलब्धताका आधारमा सबैलाई सकेसम्म छिटो खोप पुराउने लक्ष्य राखेको हुँदा, तोकिएको उमेर समूह वा अन्य समुह बाहेकका अन्य व्यक्तिहरु खोप केन्द्रमा गई भिडभाड नगर्ने
  - आ-आफ्नो पालो कुरेर मात्र खोप केन्द्रमा जाने
  - खोप केन्द्रमा जाँदा जनस्वास्थ्यका मापदण्ड पूर्णरुपमा पालना गर्ने

❖ लुम्बिनी प्रदेशका केहि जिल्लाहरुमा (रुपन्देही, दाङ, पाल्पा, अर्घाखाँची) गत हप्ता देखि कोभिड-१९ संक्रमित सङ्ख्या पुनः बढ्ने क्रम देखिएको र पहाडी जिल्लाहरुको हकमा समुदाय स्तरमा कोभिड-१९ को जोखिम उत्तिकै रहेकाले सबै तह र तप्काबाट अनिवार्य रुपमा जनस्वास्थ्यका मापदण्डहरु पालना गर्न गराउन पहल गर्नु पर्ने;
  - अत्यावश्यक काम बाहेक घरबाट बाहिर ननिस्कने
  - निस्कनै परे नाक मुख राम्ररी छोपिने गरी मास्कको प्रगोग गर्ने,
  - बाहिर-बजार, बैंक, सार्वजनिक यातायात, पसल, आदि भिडभाड बढि हुने ठाउँहरुमा जाँदा/हुँदा भौतिक दुरी कायम गर्ने, बेलाबेलामा साबुन पानीले हात धोइरहने वा स्यानिटाइजरको प्रयोग गर्ने
  - बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपको बेलामा पनि कोभिड-१९ को संक्रमणलाई ध्यानमा राखी जनस्वास्थ्यका मापदण्डहरु पालना गर्ने।

❖ गएको २ हप्ता देखि भयिरल रुघा, खोकी, ज्वरोका बिरामी बढेका छन्। सुरुमा रुघा, खोकी, ज्वरोदेखीएमा आफूलाई कोभिड-१९ को संक्रमण भयो भनेर सोँच्नुपर्छ। अनि आफूलाई आइसोलेट गर्नुपर्दछ। त्यसको २–३ दिन पछि पिसिआर परीक्षण गर्ने। कोभिड-१९ पोजेटिभ आयो भने छुट्टै बस्ने। ज्वरो आउँदा दुबै अवस्थामा झोलिलो पदार्थ र सिटामोलको प्रयोग गर्नुपर्ने।

❖ सन्चो लगाएको मास्क लगाउँदा कोभिड-१९ तथा अन्य रुघा खोकीलाई निको पार्छ भन्ने भ्रामक विचारलाई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्रले एक पोस्टर तयार पारि स्पस्ट परेको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
लुम्बिनी प्रदेश
मुकामः बुटवल, नेपाल

- सन्चो दलिएको वा कुनै पर्फियुम वा बडी स्प्रे लगाइएको मास्क लगाउँदा त्यसले रुघा लाग्नबाट बचाउँछ भन्ने कुरा वैज्ञानिकरुपमा पुष्टि भएको छैन।
- प्रयोग गरिने मास्क सुख्खा र सफा हुनुपर्दछ।
- भिजेको र मैला लागेको मास्क तुरुन्तै फेर्नु पर्दछ।
- भिजेको, सन्चो दलिएको मास्क प्रयोग गर्दा श्वास फेर्न अप्ठ्यारो हुनुका साथै स्वास्थ्यमा समेत नकारात्मक असर पर्न सक्दछ।




## थप जानकारीका लागि सम्पर्क

**डा. पुष्पराज पौडेल**
प्रवक्ता एवं सूचना अधिकारी
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, लुम्बिनी प्रदेश
drprpoudel@gmail.com